मधेश प्रदेश सरकार

# खेलकुद तथा समाज कल्याण मन्त्रालय

जनकपुरधाम

## महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना।

**सूचना प्रकाशन मितिः २०८२ माघ २३ गते**

यस मन्त्रालयको आ.व. २०८१/८२ संघीय सशर्त अनुदान अन्तरगत **राष्ट्रिय महिला सशक्तिकरण परियोजना कार्यक्रम** महिला उद्यमी तथा महिला उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी तथा महिला उद्यमी समूहहरूबाट प्रविधि सहयोगका लागि निवेदन आह्वान गरिएको छ। इच्छुक महिला उद्यमी तथा महिला उद्यमी समूहले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र(१५) दिनभित्र देहाय बमोजिमका कागजातहरू संलग्न गरी सम्बन्धित स्थानीय तहमा तोकिएको ढाँचामा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

देहायः-

**महिला उद्यमी र उद्यमी समूहले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरूः**

क) उद्योग व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र नवीकरण
ख) स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि
ग) आ.व. २०८१/८२ को कर चुक्ताको प्रमाणपत्र
घ) व्यावसायिक योजना
ङ) माग गरिएको प्रविधिको क्षमता सहितको विवरण
च) यस अघि प्रदेश वा स्थानीय तहबाट प्रविधि सहयोग अनुदान प्राप्त गरेको छैन भन्ने महिला उद्यमी/महिला उद्यमी समूहको स्वःघोषणा पत्र।

**म्याद समाप्त हुने मितिः**- २०८२ फाल्गुन ८ गते शुक्रबार कार्यालय समय भित्र।

**निवेदन र स्वःघोषणा ढाँचा** https://mowcsc.gov.np/ वा स्थानिय तह पालिकाबाट प्राप्त गर्न सकिनेछ ।